# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) राप्ती उपत्यका (देउखुरी), नेपाल, असोज २१ गते, २०८१ साल (संख्या ०६)

# भाग ३

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### राप्ती उपत्यका (देउखुरी), नेपालको

### सूचना

लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को २०८१/०६/१४ गतेको निर्णयले लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/१२/०८ गतेको प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २८ र प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ४९ बमोजिम तहवृद्धि लगायतका कार्यको लागि सेवा समुह सञ्चालन गर्ने मन्त्रालय तोक्ने निर्णय संशोधन गरी प्रदेश निजामति सेवा ऐन,

२०८० को दफा २८ र प्रदेश निजामति सेवा नियमावलीको नियम ४९ बमोजमको तहवृद्धि लगायतका कार्यका लागि तपसिल बमोजिमका सेवा समुह सञ्चालन गर्ने मन्त्रालय तोकेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिलः</u>

| सि.नं. | सेवा, समूह, उपसमूह | सेवा, समुह वा उपसमुह सञ्चालन गर्ने मन्त्रालय |
|---|---|---|
| १. | प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूह (साविक विविध सेवा र आर्थिक योजना तथा तथ्यांक सेवा समेत) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। |
| २. | प्रदेश प्रशासन सेवा, लेखा समूह | अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय। |
| ३. | प्रदेश वन सेवा | वन सम्बन्धी विषय हेर्ने मन्त्रालय। |
| ४ | प्रदेश ईन्जिनियरिङ्ग, सिभिल समूह, स्यानिटरी उपसमूह | खानेपानी तथा सरसफाई सम्बन्धी विषय हेर्ने मन्त्रालय। |
| ५. | प्रदेश ईन्जिनियरिङ्ग, सिभिल समूह, विल्डिङ्ग एण्ड आर्किटेक्चर उपसमूह | शहरी तथा भवन सम्बन्धी विषय हेर्ने मन्त्रालय । |
| ६. | प्रदेश ईन्जिनियरिङ सेवा (सिभिल समूह, हाईवे र जनरल उपसमूह) | भौतिक पूर्वाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय। |
| ७ | नेपाल ईन्जिनियरिङ सेवा, जियोलोजी समुह, (सिभिल समुह, हाईड्रोपावर उपसमुह) | उर्जा सम्बन्धी विषय हेर्ने मन्त्रालय। |
| ८. | प्रदेश स्वास्थ्य सेवा | स्वास्थ्य सम्बन्धी विषय |

| | | |
|---|---|---|
| | | हेर्ने मन्त्रालय। |
| ९. | प्रदेश शिक्षा सेवा | शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय। |
| १०. | प्रदेश कृषि सेवा र प्रदेश ईन्जिनियरिङ्ग सेवा (सर्भे समुह) | कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय। |
| ११. | प्रदेश ईन्जिनियरिङ सेवा (मेकानिकल समूह जनरल मेकानिकल उपसमुह) | यातायात सम्बन्धी विषय हेर्ने मन्त्रालय। |
| १२ | प्रदेश ईन्जिनियरिङ्ग सेवा, (ईलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन ईन्जिनियरिङ्ग, ईलेक्ट्रिकल ईन्जिनियरिङ्ग समुह) | संचार सम्बन्धी विषय हेर्ने मन्त्रालय। |
| १३ | प्रदेश ईन्जिनियरिङ्ग सेवा, माईनिङ्ग ईन्जिनियरिङ्ग/केमिकल ईन्जिनियरिङ्ग उपसमुह | उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय। |
| १४ | प्रदेश ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, ईरिगेशन/एग्री ईरिगेशन उपसमुह, (मेकानिकल समूह, नि.उ.स. उपसमुह) | सिंचाई सम्बन्धी विषय हेर्ने मन्त्रालय। |

**आज्ञाले,**

कृष्ण पौडेल

प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित ।

मूल्य रु. ५।-